मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

## शुभकामना

किराँत धर्मका महागुरु एवम् समाजसुधारक फाल्गुनन्दको १३९ औँ जन्मजयन्तीको शुभ अवसरमा यस धर्मका अनुयायीका साथ यस कोशी प्रदेश, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण दाजुभाइ दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हाम्रो देश धार्मिक, सामाजिक र सांस्कृतिक विविधताले युक्त छ । महागुरु फाल्गुनन्दका उपदेश र मार्गदर्शन सर्वदा शाश्वत, सार्वभौम र सार्वजनीन रहिआएका छन् । हामीले आफ्ना जीवनमा यी उपदेश र मार्गदर्शनको परिपालन गर्नसके समाज र राष्ट्रमा समन्वय, एकता, सहिष्णुता र सद्भाव चिरस्थायी हुने कुरामा शङ्का छैन । उहाँले समाजसुधारका निम्ति १९८८ वैशाख २४ मा स्थापना गर्नुभएको 'सत्य धर्म मुचुल्का'को नीतिलाई विश्व समुदायले अनुसरण गरिरहेको छ ।

महागुरु फाल्गुनन्दले किराँत भाषा, लिपि, धर्म, संस्कार र संस्कृतिमा पुऱ्याउनुभएको महत्वपूर्ण योगदानको उच्च कदर गर्दै नेपाल सरकारले उहाँलाई राष्ट्रिय विभूति घोषणा गरेको छ । आफ्नो धर्मसंस्कृतिको उत्थान र उन्नयनका साथ उहाँले गर्नुभएको समाजसुधारका कार्य प्रेरणा र सत्कीर्तिका रूपमा सर्वदा स्मरणीय हुनेछन् ।

राष्ट्रगौरव एवम् राष्ट्रिय विभूति उहाँको पवित्र जन्मजयन्तीका दिनमा हामी सबैमा सहिष्णुता, सद्भाव र समाजसुधारको महान् अभियानमा लाग्ने प्रेरणा प्राप्त हुने कुरामा प्रदेश सरकार विश्वस्त छ । पुनश्च सबैमा हार्दिक शुभकामनाका व्यक्त गर्दछु ।

मिति २०८० कात्तिक २५ गते शनिबार

केदार कार्की
मुख्यमन्त्री